ललितपुर उद्योग वाणिज्य संघ
LALITPUR CHAMBER OF COMMERCE & INDUSTRY
LCCI

# प्रेस विज्ञप्ती

२०७८ बैशाख ५ गते

ललितपुर जिल्लाको पर्यटन प्रबर्द्धनका लागि विश्व सम्पदा दिवसको अवसरमा ललितपुर उद्योग वाणिज्य संघले ललितपुरका पाँच नाका पाटनढोका, पुल्चोक, लगनखेल, महाबौद्ध र बालकुमारीलाई पहिचान गरि सार्वजनिक गरिएको छ ।

यसै अवसरमा संघले पाटनढोका देखि मंगलबजार सम्मको सम्पदा पदयात्रा आयोजना गरिएको थियो । ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनबाट समुदघाटन गरिएको उक्त पदयात्रा कार्यक्रममा श्रीलंकाका राजदुत, सल्लाहकार, नेपालका लागि विश्व बैंकका ओपिसी म्यानेजर, अमेरीकन दुताबासका मानव अधिकार अधिकृत, ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक, पर्यटन प्रहरी प्रमुख, पर्यटनसँग सम्बन्धित संस्थाहरु ट्रेकिङ्ग एशोसियसन अफ नेपालका अध्यक्ष, होटेल संघ नेपालका वरिष्ठ उपाध्यक्ष, टुरिष्ट गाइड एशोसियसन अफ नेपालका अध्यक्ष, चाइनिज गाईड एशोसियसन अफ नेपालका अध्यक्ष, जिल्लाका विभिन्न वस्तुगत संघ तथा समाजका अध्यक्षहरु लगायत अन्य गण्यमान्य महानुभावहरुको सहभागीता रहेको थियो ।

समुदघाटन कार्यक्रममा मेयर महर्जनले ललितपुरमा पर्यटन प्रबर्द्धनका लागि महानगरपालिकाले छिट्टै नै आन्तरिक तथा बाह्रय पर्यटकहरुका लागि निःशुल्क विजुली बस संचालनमा ल्याउन लागेको बताउनु भयो ।

सोहि कार्यक्रममा ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष मनोज बहादुर न्याछ्योंले ललितपुरमा पर्यटन गतिविधि बढाउन हाम्रा पुर्खाहरुले छोडेर गएका ऐतिहासिक धरोहरहरुको जगेर्ना गर्दै यहांका मूर्त अमूर्त संस्कृतिका साथै पर्यटकिय स्थललाई आन्तरिक तथा बाह्रय पर्यटकलाई चिनाउन विविध कार्यक्रमहरु गर्नु पर्ने बताउनु भयो । ललितपुर नगरलाई विश्व कला परिषदबाट कला नगरी धोषणा भई सक्दा पनि उचित प्रचार प्रसारको अभावले यहाँ सोचे अनुरुप पर्यटकहरु नआएको उहाँले बताउनु भयो ।

यसै अवसरमा संघका पर्यटन तथा सांस्कृति प्रबर्द्धन समितिका संयोजक एवं कार्यसमिति सदस्य आपुलाल अवालेले जिल्लामा पर्यटन प्रबर्द्धनका लागि हरेक महिनाको अन्तिम शनिबार संघले पहिचान गरेका यी पाँच रुटमा सम्पदा पययात्रा गर्नुका साथै पाटनको चिनारी पुस्तक, पर्चा, नक्सा छाप्ने तयारी गरिरहेको बताउनु भयो ।

P.O. Box : 26 (Lalitpur)
Tel : 977-1-5521740, 5530663, 5539963
Fax : 977-1-5530661
पो.ब.नं. : २६ (ललितपुर)
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१
E-mail: lcci@ntc.net.np, Website: www.lcci.org.np, Facebook: www.facebook.com/lcci.org.np

STOP Child Labour

# ललितपुर उद्योग वाणिज्य संघ
# LALITPUR CHAMBER OF COMMERCE & INDUSTRY

संघका महासचिव रुपकमान महर्जन द्धारा संचालित उक्त कार्यक्रम पश्चात पाटनढोकाबाट शुरु भएको पदयात्रा पिम्बहाल, नबहिल, न्याखचुक, नागबहाल, हिरण्यमहाविहार, बंगलामुखी ज्यापु समाज भवन हुदै मंगबजार पुगेर समापन गरिएको थियो ।

रुपक मान महर्जन
महासचिव


P.O. Box : 26 (Lalitpur)
Tel : 977-1-5521740, 5530663, 5539963
Fax : 977-1-5530661

STOP Child Labour

पो.ब.नं. : २६ (ललितपुर)
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१

E-mail: lcci@ntc.net.np, Website: www.lcci.org.np, Facebook: www.facebook.com/lcci.org.np